# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७९/०४/१८ गते

## प्रेस विज्ञप्ति

**श्री प्रधान सम्पादकज्यू / सम्पादकज्यू,**

**विषय :- आरोपपत्र दायर गरिएको ।**

---------------------------------------

प्रदेश नं. २ को मुख्यमन्त्री बेटी पढाऊ बेटी बचाऊ कार्यक्रममा अनियमितता भएको, साइकलको कम्पनी नखुलाई साइकल किनी ३ महिनादेखि गोदाममा राखिएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय साविक प्रदेश नं. २ हाल मधेश प्रदेश जनकपुरधाम, धनुषाबाट साइकल खरिद प्रकृया सुरु गर्दादेखि भुक्तानी कार्य गर्दासम्म संलग्न देहायका कर्मचारीहरु र साइकल आपूर्तिकर्ताले नेपाल सरकार/प्रदेश सरकारलाई बदनियतपूर्वक हिनामिना एंव हानी नोक्सानी गरेको पुष्टि हुन आएको हुँदा देहायबमोजिमको सजाय र बिगोबमोजिमको जरिवाना गरी बिगो असुल उपर गर्ने मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**देहायः-**

(१) **प्रदेश सचिव याम प्रसाद भुसालको हकमा** : निजलाई बोलपत्र नं. OCMCMS2/NCB/GOODS/077/78-01 बाट लेडिज साइकल खरिद कार्यको लागि अधिकार प्रत्यायोजन गरी निज यस खरिद सम्बन्धी कार्यको प्रमुख जिम्मेवार अधिकारी भएकोमा खरिद कार्यको सुरुवातदेखि सार्वजनिक खरिद ऐन, २०६३, ऐ. नियमावली, २०६४ र सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को निर्देशिका (Guideline) मा भएका प्रावधानको पालना नगरी सम्झौता अनुसार अम्बिका (Ambika) ब्राण्डका साइकल आपूर्ति हुनुपर्नेमा सम्झौता बिपरीतका ब्राण्ड नखुलेका कमसल तथा गुणस्तरहिन लेडिज साइकलको आपूर्ति स्वीकार गरी भुक्तानीसमेत गरिसकेकोले प्रदेश सरकारलाई रु.१०,३३,००,७५८।- हानिनोक्सानी गरेको पुष्टि हुन आएको हुँदा निज याम प्रसाद भुसालले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसुर गरी प्रदेश सरकारलाई गैरकानूनी हानी पुऱ्याएको देखिएकोले निजलाई बिगो रु.१०,३३,००७५८।- (अक्षरेपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो समेत असुल उपर हुन एवं निज प्रदेश सचिव याम प्रसाद भुसालले प्रमाणित गरेको भण्डार दाखिला प्रतिवेदन गलत तवरबाट तयार गरिएको गलत लिखत

भएकोले संझौताबमोजिमको साइकल प्राप्त हुनुपर्नेमा ब्राण्ड नखुलेका साइकल स्वीकार गरी गलत स्टोर दाखिला तयार गरी भुक्तानी समेत भएको देखिएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अनुसारको थप कसुर समेत गरेको देखिएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम समेत कैद सजाय र जरिवाना गर्ने मागदावी लिइएको छ ।

(२) **सि.डि.ई. भगवान झाको हकमा** : जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, जनकपुरधाम धनुषाका तत्कालीन प्रमुख सि.डि.ई. भगवान झा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, साविक प्रदेश नं. २ (हाल मधेश प्रदेश) जनकपुरधाम, धनुषामा खरिद विज्ञको साथसाथै बोलपत्र मुल्यांकन समितिको सदस्यसमेत रही खरिद सम्झौता अनुसार अम्बिका कम्पनी, ब्राण्डको साइकल आपूर्ति हुनु पर्नेमा अम्बिका ब्राण्ड भन्दा फरक कम गुणस्तरीय साइकल (कम्पनी/ब्राण्ड नखुलेका) स्थानीय फर्मबाट खरिद गरी आपूर्ति गर्दा समेत आपूर्ति भएका साइकलको परीक्षण प्रतिवेदन (Inspection Report) विनानै ठीक छ भनी सम्पूर्ण साइकलको भुक्तानीको लागि सिफारिस गरी भुक्तानीसमेत भईसकेको पाईएको हुँदा निजको कार्यले प्रदेश सरकारलाई रु.१०,३३,००,७५८।- हानिनोक्सानी पुगेको पुष्टि हुन आएको हुँदा निज सि.डि.ई भगवान झाले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसुर गरेको हुँदा निजलाई बिगो रु १०,३३,००७५८। (अक्षरेपी दश करोड तेत्तीस लाख सात सय अन्ठाउन्न रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगोबमोजिम जरीवना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो समेत असुल उपर हुन एवं निजले आपूर्तिकर्तासँग खरिद सम्झौता गर्दा आफूलाई प्रत्यायोजित नै नभएको अधिकारको प्रयोग गरेको देखिएकोले निजले वदनियतपूर्ण तवरबाट आफूले नपाएको अधिकार पाएँ भनी कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ अनुसार थप कसुरसमेत गरेको पुष्टि हुन आएको हुँदा निज सि.डि.ई. भगवान झालाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १५ बमोजिम कैद सजाय र जरिवाना गर्ने मागदावी लिइएको छ ।

(३) **सह-लेखापाल राजाराम मण्डलले** सम्झौता भन्दा फरक ब्राण्ड नखुलेका साइकल आपूर्ति हुँदा समेत भुक्तानी कार्यमा संलग्न रही गलत मनसायले भुक्तानी दिएकोले निजको कार्यबाट प्रदेश सरकारलाई प्रति साइकल रु.१०,३३,००,७५८।- हानिनोक्सानी पुगेको पुष्टि हुन आएको हुँदा निज राजाराम मण्डलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसुर गरेको हुँदा निजलाई बिगो रु.१०,३३,००७५८।- (अक्षरेपी दश करोड तेत्तिस लाख सात सय अन्ठाउन्न रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय र बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ ।

(४) **भण्डार/जिन्सी शाखा प्रमुख अधिकृत छैंठौं राम स्वार्थ महतो** जिन्सी/भण्डार शाखाको प्रमुख भएको तथा तयार गरिएको दाखिला प्रतिवेदनको जाँच गर्ने कार्यमा संलग्न रही गलत लिखत राख्ने कार्य गरेको हुँदा उक्त निजले जाँच गरेको भण्डार दाखिला प्रतिवेदनले प्रदेश सरकारलाई हानी पुर्‍याउने वदनियतसाथ तयार भएको गलत लिखत भएको पाइएको हुँदा निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९

अनुसार कसुर भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम कैद सजाय र जरिवाना समेत गर्ने मागदावी लिइएको छ ।

(५) **भण्डार शाखाका खरिदार जित मोहन कुमार दासले** भण्डार दाखिला प्रतिवेदनमा बदनियतसाथ बोलपत्रमा उल्लेख भएको कम्पनी ब्राण्ड उल्लेख नगरी "लेडिज साइकल" भनी उल्लेख भएकोमा निजले प्रदेश सरकारलाई हानी पुऱ्याउने वदनियतले गलत लिखत तयार गरेको देखिएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ अनुसार कसुर भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिम कैद सजाय र जरिवानासमेत गर्ने मागदावी लिइएको छ ।

(६) **M/S Om Satya Sai Pvt. Ltd. Birgunj, Parsa (ओम सत्य साई प्रा.लि., वीरगंज, पर्सा) र उक्त संस्थाको Managing Director रेनु अग्रवाल** Om Satya Sai Pvt. Ltd. को मुख्य शेयरधनी तथा प्रवन्ध निर्देशक (Managing Director) ले खरिद सम्झौता बमोजिम अम्बिका (Ambika) ब्राण्डको साइकल आपूर्ति गर्नु पर्नेमा ब्राण्ड नखुलेको साइकल आपूर्ति गरी आफूलाई गैरकानुनी लाभ पुऱ्याउने बदनियतले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमक्ष गरेको सम्झौता, ठेक्का, शर्त पालना नगरेको र निर्धारित शर्त उल्लंघन हुने कार्य गरी प्रदेश सरकारलाई रु.१०,३३,००७५८।- हानिनोक्सानी गरेको हुँदा Om Satya Sai Pvt. Ltd. र उक्त प्रा.लि.का प्रवन्ध निर्देशक रेनु अग्रवालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) अनुसार कसुर गरेकोले Om Satya Sai Pvt. Ltd. र रेनु अग्रवाललाई बिगो रु.१०,३३,००७५८। (अक्षरेपी दश करोड तेत्तीस लाख सात सय अन्ठाउन्न रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को सोही दफा ८ को उपदफा (४) बमोजिम कैद सजाय वा बिगो बमोजिम जरिवाना गरी ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम नै बिगोसमेत जफत हुन मागदावी लिइएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी